आज मिति २०८२ साल भाद्र महिनाको ३१ गतेका दिन गुल्मीदरबार गाउँपालिकाका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : दिउसो १:३० बजे

बैठक नं — २

उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री राम बहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री देवीराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री गुणानिधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | |
| १३. | श्री गंगा अर्याल | सदस्य | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | |
| १५. | श्री ईश्वरी परियार | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | ईव प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | प्रकाश थापा | सहायक कम्प्युटर अपरेटर | |

कार्यालय सहयोगी

| | | | |
|---|---|---|---|
| १. | भोलाराज पौडेल | | |
| 2 | नारायण अर्याल | | |

कार्यपालिकाको बैठक २०८२।०५।३१

बैठक नं — २

**<u>प्रस्तावहरू</u>**

१) अघिल्ला बैठकका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा।

२) कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

३) दरवार देविस्थान स्वास्थ्य चौकीको जग्गाको कित्ताकाट मिलान सम्बन्धमा।

४) खर्च शिर्षक टुक्र्याउने सम्बन्धमा।

५) विपन्न परिवार स्वास्थ्य बिमा सम्बन्धमा।

६) मोटर बाटो मर्मत संभार सम्बन्धमा।

७) आर्थिक सहायता सम्बन्धमा।

८) विविध सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

### निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।०४।१८ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा विलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं. २

प्रस्ताव नं २ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाको विद्यायन व्यवस्थापन समितिबाट मिति २०८२।०५।२९ गते सर्वसम्मत अनुमोदन गरि स्वीकृतिका लागि यस गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा दफावार छलफल गरियो र “गुल्मीदरवार गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०८२” लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिका वडा नं ७ मा रहेको दरबार देविस्थान स्वास्थ्य चौकीको नाममा मिति २०७२।०२।१० गते पृथ बहादुर कार्कीले जग्गा रजिष्ट्रेशन पास दिंदा जग्गा फरक परेको हुँदा जग्गा सट्टापट्टा गरि पाउँ भनि दरबार देविस्थान स्वास्थ्य चौकीको च. नं. ५५ मिति २०७७।१०।१२ को पत्र बमोजिम स्वास्थ्य चौकीको नाममा रहेको कि. नं. ८६८ पाखो सिम क्षेत्रफल २-२-०-२ मध्येबाट कित्ताकाट गरि क्षेत्रफल १-२-२-२ पश्चिम तर्फ स्वास्थ्य चौकीले तेजकुमारी कार्कीको नाममा रजिष्ट्रेशन पास दिने र सो को सट्टामा तेज कुमारी कार्कीको पति पृथ बहादुर कार्कीका नाममा रहेको कि. नं. ८७० क्षेत्रफल १-१-३-० मध्येबाट कित्ताकाट गरि क्षेत्रफल १-०-०-० तेज कुमारी कार्कीले दरबार देविस्थान स्वास्थ्य चौकीको नाममा रजिष्ट्रेशन पास गरी जग्गा सट्टाको प्रकृया अगाडी बढाउनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा आ. व. २०८२।०८३ को लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन खर्च शिर्षक तपसिल बमोजिमका शिर्षकमा खर्च गर्ने गरि विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. सं. | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | ल्याव सम्बन्धी उपकरण खरिद | ३ लाख | |

| | | | |
|---|---|---|---|
| २ | औषधि / उपकरण खरिद | ५ लाख | |
| ३ | ल्यापटप / कम्प्युटर खरिद | १ लाख | |
| ४ | वैकल्पिक उर्जा व्यस्थापन | १ लाख | |
| ५ | सर्जिकल सामाग्री खरिद | ३ लाख | |
| ६ | सफ्टवेर खरिद | १ लाख | |
| ७ | एक्सरे ढोकामा लिड ढोका निर्माण | १ लाख | |
| ८ | भिडियो एक्सरे प्रिन्टर खरिद | १ लाख | |
| ९ | विविध व्यवस्थापन खर्च | २ लाख | |
| **जम्मा** | | **१८ लाख** | |

## निर्णय नं ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाको आ. व. २०८२।०८३ को नीति तथा कार्यक्रममा विपन्न र अतिविपन्न नागरिकको निशुल्क स्वास्थ्य बीमा गर्ने घोषणा भएकोमा यस गाउँपालिका अर्न्तगतका ८७ अतिविपन्न र १४१ विपन्न परिवारको (प्रति परिवार ५ जना हकमा गाउँपालिकाबाट र सोभन्दा बढी परिवारबाट योगदान गर्ने गरि) स्वास्थ्य विमा गर्ने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिका स्तरीय मोटर बाटोहरु दशै अघि नै मर्मत संहार गरी दशैं तिहारमा आवत-जावत सहज बनाउन आवश्यक प्रकृया अगाडी बडाउने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं ७

प्रस्ताव नं ७ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकामा स्थायी वसोवास गर्दै आउनुभएका आर्थिक रुपले विपन्न/आफ्नो हेरचाह गर्न नसक्ने/असाहाय/विपद्मा परि जन-धनको क्षति भएका तपसिलका व्यक्तिलाई तपसिल बमोजिमको आर्थिक सहायता गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्र. सं. | व्यक्तिको नाम | खर्च शिर्षक | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदिप सुनुवार गुल्मीदरवार ५ | | ३० हजार | |
| २ | सुर्य वहादुर थापा गुल्मीदरवार २ | | ३० हजार | कुखुराको खोर भत्किएको |

| | | | | |
|---|---|---|---|---|
| ३ | ज्ञान बहादुर ढेंगा गुल्मीदरबार ४ | विपद् व्यवस्थापन | ३० हजार | घर तथा सौचालय जोखिममा |
| ४ | रन बहादुर पुन गुल्मीदरबार ४ | | ४० हजार | पहिरोले घर तथा गोठमा क्षति |
| ५ | दल बहादुर कामी गुल्मीदरबार २ | | ३० हजार | घर पहिरोको जोखिममा रहेको |

<u>निर्णय नं ८</u>

क) यही मिति २०८२ भाद्र २३ र २४ गतेको जेन्जी (gen-Z) आन्दोलनका क्रममा घाईते भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने र आन्दोलनमा जिवन गुमाउने प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्ने सर्वसम्मत निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ८ सम्म
प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत